REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs Date: 17.03.2025

---

North East Festival

आठौं पूर्वोत्तर युवा महोत्सव 2025 गान्तोकको पाल्जोर स्टेडियममा आजदेखि शुरू भएको छ ।

राज्यपाल श्री ओमप्रकाश माथुरले यसको शुभारम्भ गर्नुभयो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै राज्यपालले भन्नुभयो यस महोत्सवले पूर्वोत्तर क्षेत्रको अद्वितीय सांस्कृतिक विविधता र एकताको उत्सव मनाउने एउटा अनौठो मञ्च उपलब्ध गराउँछ। उहाँले भन्नुभयो यसको उद्देश्य मनोरञ्जन र प्रतिस्पर्धा मात्र नभएर पूर्वोत्तरको लोक संस्कृति, खेल तथा कलालाई प्रोत्साहित गर्नु अनि यसलाई रास्ट्रिय र अन्तर्रास्ट्रिय स्तरमा प्रकाशमा ल्याउनु हो ।

श्री माथुरले भन्नुभयो यस महोत्सवले विभिन्न गतिविधिहरू, प्रतियोगिता र सांस्कृतिक आदानप्रदानको माध्यमद्वारा पूर्वोत्तर क्षेत्रका युवाहरूबीच 'एक भारत श्रेष्ठ भारत' को संकल्पनालाई अझै सुदृढ बनाउनेछ ।

युवाहरूलाई नयाँ भारतको भविस्यका शिल्पकार बताउँदै राज्यपालले भन्नुभयो- युवाहरूको सोंच परिश्रम र समर्पणद्वारा रास्ट्र नयाँ ऊचाईमा पुग्नेछ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको 2047 सालसम्ममा भारतलाई विकसित बनाउने सपनाको उल्लेख गर्दै उहाँले भन्नुभयो यसलाई साकार बनाउने जिम्मावारी पूर्ण रूपले युवाशक्तिको हातमा छ ।

उद्घाटन समारोहमा पूर्वोत्तर राज्यहरूको समृध्द सांस्कृतिक विरासतलाई नृत्य संगीत र पारम्परिक कलाको माध्यमद्वारा प्रदर्शित गरियो ।

यस अवसरमा अन्यबाहेक राज्य विधानसभा अध्यक्ष मिङ्मा नर्बु शेर्पा, ग्रामीण बिकास मन्त्री अरूण उप्रेती र विधायकहरूको उपस्थिती थियो ।

चार दिवसीय महोत्सव आउँदो बिहीबार बीस मार्चका दिन समाप्त हुनेछ ।

---

## Rajya Sabha MP

सिक्किमका राज्यसभा सदस्य श्री दोर्जी छिरिङ लेप्चाले आज संसद भवनमा उपरास्ट्रपति जगदीप धनखड़सित भेट गर्नुभयो ।

भेटघाटको अवधिमा उहाँहरूले सिक्किम र रास्ट्रहितसित सम्बन्धित महत्वपूर्ण विषयहरूबारे कुराकानी गर्नुभयो ।

## Workshop Waste Management

---

राज्यको शहरी बिकास विभागले आज देउरालीमा फोहोर प्रवन्धनमाथि धार्मिक संस्थानहरूसित एक दिवसीय कार्यशाला आयोजित गरयो ।

यसमा बोल्दै शहरी बिकास एवं खाद्य तथा नागरिक आपुर्ति मन्त्री श्री भोजराज राईले स्वच्छ भारत मिशन पहलबारे अवगत गराउनुभयो  र यसको कार्यन्वयनमा सामूहिक सहभागिताका लागि आग्रह गर्नुभयो ।

उहाँले धर्मगुरूसित यस पहलको प्रवर्ध्दनका लागि सक्रिय भूमिका आग्रह गर्नुभएको छ ।

फोहोर प्रवन्धनरा पहलहरूमा स्वयं सहायता समूहहरू, क्लब र गैर सरकारी संगठनहरूलाई संलग्न गराउनुपर्ने आवश्यकतामाथि जोड़ दिँदै श्री राईले सबैलाई ढिगो प्रणाली स्थापना गरेर मानव निर्मित खतराहरूलाई कम्ती गर्नुमा योगदान दिन प्रोत्साहित गर्नुभयो ।

आफ्नो वक्तव्यमा विधायक दिले नाम्गेल बरफुङपाले सबैसित स्वच्छतामाथि ध्यान दिएर सुनौलो, समृध्द र समर्थ सिक्किम बनाउनमा योगदान दिने निर्वाह गर्नुभएको छ  ।

गान्तोक नगर निगमका मेयर नील बहादुर छेत्री, उप मेयर  छिरिङ पाल्देन स्वच्छ भारत मिशन (शहरी) का राज्य मिशन निदेशक श्री जिग्मी वाङ्चुक भुटियाले पनि कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।

---

## Power Advisor

विद्युत विभागका सल्लाहकार श्री सञ्जीत खरेलले आज नयाँ दिल्लीको श्रमशक्ति भवनमा केन्द्रीय विद्युत मन्त्रालयले संयुक्त सचिव श्री शशांक मिश्र र उपस्चिव श्री अरविन्द कुमारसित भेट गर्नुभयो ।

उहाँसित विद्युत सचिव श्री टी टी लेप्चा र अन्य वरिस्ट अधिकारीहरू पनि जानुभएको थियो।

बैठकमा विद्युत मन्त्रालय अधिनका विभिन्न योजनाहरूसित सम्वन्धित मामिलाहरूबारे विचारविमर्श गरियो।

---

## District TB Forum (Meeting)

पाकिम जिल्ला प्रशासनिक केन्द्रामा आज जिल्ला TB फोरमको बैठक बस्यो।

जिल्लाधीश श्री अगवाने रोहन रमेशले अध्यक्षता गर्नुभएको बैठकमा क्षयरोगका मामिलाहरू कम गर्ने, क्षयरोग जाँच व्यवस्था, टी बी निक्षय मित्रहरूलाई प्रोत्साहित गर्ने, क्षयरोग रोकथामका लागि जागरूकता कार्यक्रमहरू तथा प्रतियोगिता आयोजन गर्ने र पाकिमका मुख्य चिकित्सा अधिकारीको मार्गदर्शनमा ब्यापक योजना जिल्ला कार्य योजना 2026 तयार पार्ने विषहरूबारे चर्चा भयो।

---

## SOA election

श्री कुबेर भण्डारी पुन: सिक्किम ओलेम्पिक संघका अध्यक्ष निर्वाचित हुनुभएको छ।

दुइ हजार पच्चीसदेखि दुई हजार उन्तीस सालसम्मको अवधिका लागि नयाँ कार्यकारिणी समितिको चुनाउ हिजो गान्तोकमा भयो।

प्राप्त प्रेस विज्ञप्ती अनुसार श्री कुबेर भण्डारी अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभयो भने श्री छेवाङ जाङपो भुटिया र श्री टाशी ओङ्डुप लेप्चा उपाध्यक्ष र श्री जसलाल प्रधान महा सचिव हुनुभएको छ।

---

## Weather

राज्यमा धेरै दिनपछि आज आकाश खुल्ला रहेर घमाइलो भएको हुँदा मानिसहरूलाई हलुका गर्मीको अनुभव गरायो।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा आज अधिकतम तापमान तेइस दशमलउ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि पनि लगभग यतिनै तेइस डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ।

---